# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## Communist Party of Nepal (UML)

केन्द्रीय कार्यालय / Central Office


**शुभकामना**

आज २१ मार्च, अर्थात् ५८ औं अन्तर्राष्ट्रिय जातिभेद उन्मुलन दिवस । यस अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । कानुनी रुपमा अन्त्य भएको मानव सभ्यताको कलंकका रुपमा रहेको जातिभेद, रंगभेद तथा छुवाछतको अमानवीय प्रथालाई सामाजिक रुपमा समूल अन्त्य गर्नका लागि आ-आफ्नो ठाउँबाट सक्रिय रहन यस अवसरमा म सबैमा हार्दिक हाह्वान गर्दछु । रङ्गभेद लगायत विभिन्न अमानवीय प्रथाका विरुद्ध आन्दोलनमा ज्यान गुमाउने सबैप्रति श्रद्धासुमन अर्पण गर्दछु ।

सन् १९६० आजैका दिन दक्षिण अफ्रिकामा जातिभेद एवं रङ्गभेदका विरुद्ध शान्तिपूर्ण र्‍यालीमा उत्रिएका दर्जनौ निहत्था नागरिकहरुले मृत्युवरण गरेका थिए । यसै दिनको सन्दर्भ पारेर संयुक्त राष्ट्रसंघले सन् १९६५ मा जातिभेद उन्मुलन सम्बन्धी महासन्धि पारित गर्‍यो । यसै दिनदेखि विश्वव्यापी रूपमा जाति तथा रङ्गभेद उन्मुलन दिवस मनाउने प्रचलन शुरु भयो । नेपालले महासन्धिलाई सन् १९७१ मा अनुमोदन गरेको थियो । नेकपा (एमाले) जात, जाति, वर्ग, वर्ण, लिङ्ग, धर्म, संस्कृति लगायतका आधारमा गरिने विभेद र शोषणको विरुद्ध लड्दै आएको पार्टी हो । हामीले मानव अधिकार र सामाजिक न्यायलाई आफ्नो सैद्धान्तिक निष्ठाको रुपमा आत्मसात गरेका छौं ।

कानुनी रूपमा वर्जित भए पनि छुवाछुतजस्तो अमानवीय प्रथा पूर्ण रुपमा अन्त्य हुन सकेको छैन । यसलाई तोड्न समाजका सबै तप्काबाट जागरण अभियान चलाउनु आवश्यक छ । नेकपा (एमाले)को अगुवाइमा निर्माण भएको नेपालको संविधान २०७२ को प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने कुरा उल्लेख छ । नेकपा (एमाले)को सरकारले छुवाछुतबाट पीडित र प्रताडितहरूको आर्थिक सवलिकरण र सामाजिक मर्यादाका लागि नीतिगत सुधारमा नेतृत्वदायी भूमिका खेलेको छ । आवास विहीन दलित र भूमिहीनहरुका लागि आवास र भूमिको व्यवस्था गर्ने काम नेकपा (एमाले)को सरकारले अघि बढाएको थियो । **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास अपराध, वहिष्करण, बञ्चितिकरण र हिंसालाई अन्त्य गर्नु पर्दछ । नेकपा (एमाले)लाई सवल बनाइ राष्ट्रको यस आकाङक्षा पूरा गर्न सबैको साथ रहने छ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, ५८ औं अन्तर्राष्ट्रिय जातिभेद उन्मुलन दिवसका अवसरमा पुन: सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**७ चैत २०७९**
**(२१ मार्च २०२३)**

**केपी शर्मा ओली**
**अध्यक्ष**